# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

**सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत पूर्वाधार/सडक उपयोग शुल्क ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना**

( चौथो पटक प्रकाशित मिति २०८०/०९/२४ गते)

यस नगरपालिकाले आ. व. २०८०/०८१ मा बाँकी अवधिका लागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम मिति २०८०/०९/२० गतेको २/१०९ औं नगर कार्यपालिकाको बैठकको निर्णयानुसार पूर्वाधार/सडक उपयोग शुल्क असुली गर्ने कार्यका लागि विद्युतिय माध्यमबाट ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको नाम | क्षेत्र | ठेक्का रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | राजश्व १/१०५ | सडक उपयोग शुल्क | सुन्दरहरैंचा नगरपालिकाले निर्माण गरेका नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सडकहरु | रु. ३५,११,१६५।१७ |

**शर्तहरु:-**

१. बोलपत्र फारम दस्तुर रकम ३०००/- (अक्षेरुपी रु तिन हजार मात्र) (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

२. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाइने छैन। अशुल गर्ने शुल्क सुन्दरहरैंचाको आर्थिक ऐन, २०८० ले तोके बमोजिम हुने छ।

३. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८१ आषाढ मसान्त सम्म मात्र हुनेछ। आर्थिक बर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने तथा छुट हुने व्यवस्था छैन।

४. विद्युतिय माध्यमबाट बोलपत्र फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित बोलपत्र फारम भरी पेश गर्नु पर्ने तथा फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्वयमः घोषण गरेको पत्र, बोलपत्र फारम खरिद गरेको रकम खुल्ने भौचर, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र वा म्याद थप खुल्ने प्रमाण पत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपीका साथ कबोल अंकको ५ प्रतिशत नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर वा सुन्दरहरैंचा नगरपालिकाको नाममा जारी गरिएको १२० कार्यदिन भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको बिड बन्ड ग्यारेन्टी समेत को सक्कलै कागजात/भौचर www.bolpatra.gov.np मा अपलोड गर्नु पर्नेछ।

५ ठेक्का बोलपत्र फारम सहितका कागजातहरु मिति २०८०/१०/०३ गते दिनको १२:०० बजे भित्र अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ र सोहि दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदातारु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ला भएको दिन १:०० बजे बोलपत्र खोलिने छ।

६ कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७ ठेक्का कबोल रकम अग्रिम बुझाएमा भ्याट बाहेकको कबोल अंकको १०% रकम छुट दिइनेछ। कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौताको समयमा अन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको भौचर/कागजात/प्रमाण पेश गर्नु पर्नेछ। त्यस्तै ठेक्का रकम अग्रिम रुपमा नबुझाएमा कबोल अंकको ६० प्रतिशत सम्झौताको समयमा बुझाएको हुन पर्ने र बाँकी ४० प्रतिशतको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको परफरमेन्स बन्ड ग्यारेन्टी २०८१ माघ मसान्त सम्म अनिवार्य हुनु पर्नछ भने सो ४० प्रतिशत बराबरको रकम २०८१ बैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ। साथै ठेक्का कबोल कर्ताले ४०% बराबरको रकम २०८१ बैशाख मसान्त सम्म नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैकको परफरमेन्स बन्ड ग्यारेन्टी जफत समेत गरी असुल उपर गरिनेछ।

८ ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन। त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन पेश गर्नु पर्नेछ। साथै कार्यालायले उपलब्ध गराएको दररेट भन्दा बढि शुल्क असुल गरेको प्रमाणित भएमा धरौटीबाट कट्टा गरिनेछ भने पटक पटक सोही कार्य दोहोरयाएमा कानुन बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचिमा राख्न प्रचलित कानुन बमोजिम आवश्यक कारवाहिकको लागि सिफारिस गरिनेछ।

९ ठेक्का संग सम्बन्धित रसिद ठेकेदार स्वयले छपाई गरी यस कार्यालयबाट प्रमाणित गरी शुल्ल संकलन/असुली गर्नु पर्नेछ।

१० बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।

११ एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन।

... प्रसाद चौलागाईं
... अधिकृत

# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

१२ नगरपालिका क्षेत्र भित्र एक स्थानबाट शुल्क काटे पछि सोही दिन सोही सामाग्री र यात्रुलाई आधार मानी पुनः सोही सवारी साधनलाई अर्को स्थानबाट शुल्क काट्न पाइने छैन। यो शर्त नयाँ यात्रु र नयाँ सामाग्रीमा पुनः शुल्क लिन बाधा हुने छैन। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार एवम् नेपाल सरकारका व्यापारिक नियोग, कुटनीतिक निकाय लगायतका सार्वजनिक सवारी साधन तथा विद्यालयका गाडीहरु, दुध तथा पानी बोकेका सवारी साधन एवम् अत्यावश्यक सेवाका सवारी साधनहरु (एम्बुलेन्स, सरसफाई, सब बहान, दमकल लगायत) लाई शुल्क लिन पाइने छैन। मार्केटिङ्गमा प्रयोग भएका सवारी साधनहरुलाई प्रमाण पत्रको आधारमा दिनमा एक पटक मात्र कर लिनु पर्नेछ। यस नगरपालिकाको बार्षिक सवारी सवारी कर तिरी दर्ता भएका अटो र ई रिक्साहरुको हकमा शुल्क लिन पाईने छैन। बार्षिक सवारी कर नतिरी संचालन भएका अटो र ई रिक्साको हकमा तोकिएको शुल्क लिन बाधा पर्ने छैन।

१३ कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी सार्वजनिक स्थानमा राख्नु पर्नेछ भने सोको दायित्व ठेकेदारको नै हुनेछ।

१४ सवारी साधन खाली गुडेको अवस्थामा शुल्क लिन पाइने छैन।

१५ बोलपत्र फारम तथा सम्झौतामा उल्लेखित शर्तहरु यो सूचनामा उल्लेख भए बमोजिम नै लागू हुनेछ।

१६ यो सूचनामा उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतामा भएका शर्त बमोजिम हुनेछ।

२०८१।२।२२

प्रमुख प्रशासकीय अधिकृत

...प्रसाद चौलागाईं
...प्रशासकीय अधिकृत